# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

प.सं. २०८१/०८२
च.नं. 942

मिति: २०८१।०६।०६

**विषय: : लाभांश वितरण सम्बधमा ।**

**श्री अपि पावर कम्पनी लिमिटेड**
**थापाथली, काठमाडौं ।**

प्रस्तुत विषयमा तहाँ कम्पनीको प.सं. २०८१।०८२ च. नं १४१ मिति २०८१/०५/१९ को आयोगमा पेस भएको निवेदनका सम्बन्धमा यस आयोगको मिति २०८१।०५।२६ को २४८ औँ बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ।

**विद्युत नियमन आयोगको निर्णय (मिति २०८१।०५।२६ को २४८ औँ बैठक, निर्णय नं.३)**

" अपि पावर कम्पनी लिमिटेड थापाथली, काठमाडौंको अधिकृत पूँजी रु. ५,७८,६५,९७,९१२/- कम्पनीको चुक्ता पूँजी रु. ५,७८,६५,९७,९१२/- रहेकोमा त्यस कम्पनीको मिति २०८१/०५/०७ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८०/०८१ को खुद मुनाफाबाट हाल कायम रहेको कम्पनीको चुक्ता पूँजी रु. ५७८.६५ करोडको शेयर धनीहरुलाई ९.० प्रतिशतका दरले बोनस शेयर र ०.४७३७ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने निर्णयानुसार अपि पावर कम्पनी लिमिटेडबाट लाभांश वितरण गर्ने स्वीकृतिका लागि मिति २०८१/०५/०९ मा आयोगमा निवेदन दर्ता भएको थियो। निवेदन साथ प्राप्त कागजातहरुको आवश्यक अध्ययन गर्दा कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षणबाट Unrealized gain लाई खुद मुनाफामा देखाई लाभांश वितरणको सन्दर्भमा स्पष्ट तथ्य सहित जवाफ पेश गर्नुहुन भनि आयोगको अध्यक्षको निर्देशानुसार अपि पावर कम्पनी लिमिटेडलाई मिति २०८१/०५/१९ मा प.सं. ०८१/८२ च.नं. ११४ को पत्रमार्फत पत्राचार गरिएकोमा अपि पावर कम्पनी लिमिटेडले मिति २०८१/०५/२० मा आयोगमा दर्ता भएको पत्र मार्फत् त्यस कम्पनीको आ.व. २०८०/८१ को वित्तीय विवरण नेपाल लेखा प्रतिवेदन मान अनुरुप तयार पारिएको र सो लेखा प्रतिवेदन मानमा कम्पनीको स्वामित्वमा रहेको वित्तीय उपकरण तथा लगानी (Financial Assets and Financial Liabilities) लाई बजार मूल्यमा प्रस्तुत गरेको र सो बजार मूल्यको थपघटलाई नाफा नोक्सान हिसाब (Profit and Loss) अथवा अन्य विस्तृत आम्दानी (Other Comprahensive Income) मा लेखांकन गर्न पाउने स्पष्ट व्यवस्था भए बमोजिम गरिएको भनि जवाफ पेश भएको पाइयो। यस विषयमा छलफल हुँदा यस्तो कार्यलाई कम्पनी ऐन, २०६३ को दफा ५६ को उपदफा (१० ) ले वर्जित गरेको हुँदा स्वीकृति दिन नमिल्ने।"

(विकास डंगोल)
शाखा अधिकृत

**विद्युत नियमन आयोग**
सानो गौचरण, काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्स: +९७७-१-४४३२५८२